# मिति २०७४ साल श्रावण २५ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

**१. न्यायिक समिति गठन सम्बन्धमा**

प्रस्ताव नं. १ न्यायिक समिति गठन सम्बन्धमा छलफल गर्दा नेपालको संविधानको धारा २१७ को उपधारा २ बमोजिम गाउँ सभाबाट निर्वाचित गरेका दुई सदस्यमा गाउँ सभाका लक्ष्मीमाया माझी र लाल बहादुर खड्कालाई निर्वाचीत गर्न गाउँ सभामा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**२. बकैया गाउँपालिका र गाउँपालिकाको केन्द्र सम्बन्धमा**

प्रस्ताव नं. २ **बकैया गाउँपालिका र गाउँपालिकाको केन्द्र सम्बन्धमा** छलफल गर्दा साविकमा प्रस्तावित केन्द्रका विषयमा गाउँ सभा तथा जन समुदायको राय सुझाव समेतलाई मध्यनजर गर्दा यस बकैया गाउँपालिका क्षेत्रफल र जनसंख्याको हिसावले ठुलो भएकोले हालको वडा नं. ३, ८-१२ को एकवटा बकैया गाउँपालिका तथा हालको वडा नं. १-२ र ४-७ को एकवटा गरी ६-६ वडा भएको दुई वटा गाउँपालिकामा विभाजन गर्न तथा गाउँपालिकाको केन्द्र हात्तिसुडे वा भिरकोट वा गरगरे मध्ये कुनै एक स्थानमा राख्न निर्णयार्थ गाउँ सभामा प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**३. वडा विकास अनुदानको बजेट तथा कार्यक्रम सम्बन्धमा**

प्रस्ताव नं. ३ **वडा विकास अनुदानको बजेट तथा कार्यक्रम सम्बन्धमा** छलफल गर्दा गाउँपालिकाको प्रस्तावित वार्षिक कार्यक्रममा समावेस भएको वडा विकास अनुदानबाट तपसिलका शर्तहरु पालना गरी बजेट तथा कार्यक्रम तयार गरी २०७४ भाद्र १५ गतेभित्र गाउँ कार्यपालिकामा पेश गर्न सबै वडा समितिलाई निर्देशित गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. बालमैत्री वडा बनाउन बालमैत्री स्वयंसेवक तथा कार्यक्रम गर्न रु २ लाख विनियोजन गरी बालमैत्री कार्यक्रम सञ्चालन गर्ने योजना समेत बढीमा १० वटा योजना मात्र छनौट गर्ने ।

ख. भुकम्प तथा अन्य विपदबाट क्षति भएका खानेपानी योजनालाई विशेष प्राथमिकता दिई विपन्न वर्गका महिला, बालबालिका, पिछडिएका क्षेत्रका अन्य समुदायको आर्थिक अवस्था सुदृढ हुने कार्यक्रमहरुमा प्राथमिकता दिने ।

ग. अन्य कुराहरु स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन आदेश, २०७४ मा व्यवस्था भए बमोजिम गर्ने ।

**४. विविध**

प्रस्ताव नं. ४ **विविध माथी** छलफल गर्दा तपसिल अनुसार कार्य गर्न सर्वसम्मत निर्णय गरियो ।

क. गाउँ कार्यपालिका तथा वडा कार्यालयहरुमा नेपाल सरकारले स्विकृत गरेको तोकिए बमोजिमको दरवन्दीमा कर्मचारीहरु नेपाल सरकारले नखटाएकोले गाउँपालिकाको सेवा सञ्चालनमा कठिनाई उत्पन्न भएकोले नेपाल सरकारले स्विकृत गरेको तपसिलको दरवन्दीमा करार सेवामा कर्मचारी भर्ना गरी कार्य सञ्चालन गर्न जिल्ला सम्न्वय समितिको कार्यालय मकवानपुरमा स्विकृती लागि लेखी पठाउने निर्णय गरीयो ।

तपसिल

| | | |
|---|---|---|
| १. इन्जिनियर १ जना | २. सव-इन्जिनियर २ जना | ३. कम्प्युटर अपरेटर १ जना |
| ४. नायब सुब्बा ८ जना | ५. कार्यालय सहायक १२ जना | ६. कार्यालय सहयोगी १४ जना |

ख. २०७४ भाद्र १ गतेदेखी हाल भएका सामाजिक परिचालक, कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिक र साविकमा कार्य गरी रहेका कार्यालय सहायकहरुको व्यवस्थापन गरी वडा कार्यालय सञ्चालन गर्ने निर्णय गरीयो ।

आजको बैठक विहान ११:०० बजे शुरु भई ४:१५ बजे सम्पन्न गरियो ।